# आर्थिक ऐन

## मायादेवी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः**मायादेवी गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मायादेवी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि मायादेवी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः**मायादेवी गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):**मायादेवी गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । एकिकृत सम्पत्ति कर पूर्ण रूपमा लागु नहुनजेल सम्मका लागि मात्र यो कर असुल उपर गरिने छ ।

४. **घर वहाल करः**मायादेवी गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः**मायादेवी गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**मायादेवी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**मायादेवी गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः**मायादेवी गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः**मायादेवी गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः**मायादेवी गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुरः**मायादेवी गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **पर्यटनशुल्कः**मायादेवी गाउँपालिकालेआफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१३. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि मायादेवी गाउँपालिकाले तोके अनुसार हुने छ ।

# अनुसूची १

## सम्पति कर/घर कर

### एकीकृत सम्पत्ती कर

| क्र.स. | करको शिर्षक | आ.व. २०७५।०७६ को कर तथा दस्तुर दर | |
|---|---|---|---|
| १ | रु. १ देखि १ लाख सम्म | रु.१००। | |
| २ | रु. १ लाख १ देखि ५ लाख सम्म | रु.१५०। | |
| ३ | रु. ५ लाख १ देखि १० लाख सम्म | रु.२००। | |
| ४ | रु. १० लाख १ देखि १५ लाख सम्म | रु.३००। | |
| ५ | रु. १५ लाख १ देखि २० लाख सम्म | रु.३५०। | |
| ६ | रु. २० लाख १ देखि २५ लाख सम्म | रु.४००। | |
| ७ | रु. २५ लाख १ देखि ३० लाख सम्म | रु.५००। | |
| ८ | रु. ३० लाख १ देखि ३५ लाख सम्म | रु.७००। | |
| ९ | रु. ३५ लाख १ देखि ४० लाख सम्म | रु.९००। | |
| १० | रु. ४० लाख १ देखि ४५ लाख सम्म | रु.११००। | |
| ११ | रु. ४५ लाख १ देखि ५० लाख सम्म | रु.१३००। | |
| १२ | रु. ५० लाख १ देखि ७५ लाख सम्म | रु.१७००। | |
| १३ | रु. ७५ लाख १ देखि १ करोड सम्म | रु.२०००। | |
| १४ | रु. १ करोड १ देखि १ करोड ५० लाख सम्म | रु.३०००। | |
| १५ | रु. १ करोड ५० लाख १ देखि २ करोड सम्म | रु.५०००। | |
| १६ | रु. २ करोड १ देखि माथि | रु.६०००। | |

### घर कर :

| क्र.स. | करको शिर्षक | आ.व. २०७५।०७६ को कर तथा दस्तुर दर | कैफियत |
|---|---|---|---|
| १ | घर कर- टिन,खपडा तथा फुसको - एक तल्ले | रु.३०। | |
| २ | घर कर- पक्की एक तल्ले | रु. १००। | |
| ३ | घर कर- पक्की दुई तल्ले | रु.२००। | |

| | | | |
|---|---|---|---|
| ४ | डिही ब्लकमा बनेको घर कर ( टिन,खपडा तथा फुसको - एक तल्ले) | रु.३०। | |
| ५ | डिही ब्लकमा बनेको घर कर ( पक्की एक तल्ले) | रु. १००। | |
| ६ | डिही ब्लकमा बनेको घर कर ( पक्की दुई वा सो भन्दा माथि तल्ले) | रु.२००। | |
| ७ | ऐलानीमा बनेको घर कर ( टिन,खपडा तथा फुसको - एक तल्ले) | रु.१००। | |
| ८ | ऐलानीमा बनेको घर कर ( पक्की एक तल्ले) | रु. ३००। | |
| ९ | ऐलानीमा बनेको घर कर ( पक्की दुई वा सो भन्दा माथि तल्ले) | रु.५००। | |

## अनुसूची २

**भूमी कर (मालपोत) :**

| क.सं. | विवरण | आ.व. २०७५।०७६ को कर तथा दस्तुर दर | कैफियत |
|---|---|---|---|
| १ | मालपोत- ५ कठ्ठा सम्म | रु २५ | प्रति वर्ष विलम्व दस्तुर थप २० प्रतिशत |
| २ | मालपोत - ५ कठ्ठा माथि प्रति कठ्ठा | थप रु ५। | प्रति वर्ष विलम्व दस्तुर थप २० प्रतिशत |

## अनुसूची ३

**घर वहाल कर :**

| क.सं. | विवरण | आ.व. २०७५।०७६ को कर तथा दस्तुर दर | कैफियत |
|---|---|---|---|
| १ | घर बहाल कर | १० प्रतिशत | |

# अनुसूची ४

## व्यवसाय कर :

| व्यवसाय तर्फ | | |
|---|---|---|
| क.सं. | विवरण | आ.व. २०७५।०७६ को कर तथा दस्तुर दर |
| १ | किराना पसल | रु ३००। |
| २ | कपडा पसल | रु ३००। |
| ३ | हार्डवेयर पसल तथा रंगरोगन | रु ५००। |
| ४ | सुन चाँदी तथा गरगहना पसल | रु ५००। |
| ५ | भाडाकुडाँ पसल | रु ५००। |
| ६ | डेकोरेसन तथा फर्निसिङ्ग पसल | रु ३०० |
| ७ | मदिरा जन्य पसल | रु १५००। |
| ८ | होटल तथा मिठाइ पसल | रु ३००। |
| ९ | वित्तिय संस्था तथा वैंक क वर्ग | रु १५०००। |
| १० | वित्तिय संस्था तथा वैंक ख वर्ग | रु १००००। |
| ११ | वित्तिय संस्था तथा वैंक ग वर्ग | रु ५०००। |
| १२ | वित्तिय संस्था तथा वैंक घ वर्ग | रु २५००। |
| १३ | इलेक्ट्रिक पसल | रु ३००। |
| १४ | कस्मेटिक पसल | रु ३००। |
| १५ | टेन्ट पसल | रु ३००। |
| १६ | अन्य व्यवसाय | रु. ३००। |
| **उधोग व्यवसाय तर्फ** | | |
| **क.सं.** | **विवरण** | **आ.व.२०७४।०७५ को कर तथा दस्तुर दर** |
| १ | इटा उधोग | रु.१०,०००। |
| २ | इटा चिम्नि | रु.५०००। |
| ३ | काठ चिरान व्यवसाय | रु. २५००। |
| ४ | राईस मिल | रु. १५००। |
| ५ | कुखुरा तथा पशुजन्य फर्म | रु. ५००। |
| ६ | डिजेल,पेट्रोल तथा अटो सप्लायर्स | रु. २०००। |
| ७ | गल्ला ब्यवसाय वापत | रु.१,०००। |
| ८ | व्यवसाय स्थान परिवर्तन | रु. ५००। |
| ९ | अन्य उद्योग व्यवसाय | रु. ५००। |

# अनुसूची ५

## जडीवुटी, कवाडी, जिवजन्तु कर :

| क.सं. | विवरण | आ.व. २०७५।०७६ को कर तथा दस्तुर दर | कैफियत |
|---|---|---|---|
| १ | जडीबुटी जन्य पदार्थको निकासी(प्रति गाडी वजन अनुमान अनुसार) | रु.५०० ।देखि रु.१,५००। सम्म | |
| २ | कवाडी जन्य पदार्थ निकासी (प्रति गाडी वजन अनुमान अनुसार) | रु.५०० ।देखि रु.१०००। सम्म | |
| ३ | जिव जन्तुका हाड, सिंग, प्वाख, छाला निकासी (प्रति गाडी वजन अनुमान अनुसार) | रु.५०० ।देखि रु.१०००। सम्म | |

# अनुसूची ६

## सवारी साधन कर :

| क.सं. | विवरण | आ.व. २०७५।०७६ को कर तथा दस्तुर दर | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक, लारी र अन्य हेभी गाडी | १,०००। | |
| २ | जे.सी.वी. | १,०००। | |
| ३ | कम्बाइन | १,०००। | |
| ४ | ट्रेक्टर | ५००। | |
| ५ | कार, जीप | ४००। | |
| ६ | ट्याम्पो | ३००। | |
| ७ | मिनिबस | ८००। | |
| ८ | निजी कार, टेम्पो, मिनीबस | ३००। | |
| ९ | स्कुटर, मोटरसाइकल | १००। | |
| १० | ठेलागाडा, रिक्सा, टाङ्गा | २५। | |
| | | | |
| | **पटके सवारी कर** | | |
| १ | बस, ट्रक, लारी र अन्य हेभी गाडी | २०। | |
| २ | भाडाको कार, जीप, ट्याम्पो, मिनीबस | १५। | |
| ३ | ठेलागाडा, रिक्सा, टाङ्गा दर्ता गरी नम्बर दिए वापत एकपटक | ५०। | |

नोट : प्रदेश कानुनमा दर रेट तोकीएमा सोही अनुसार हुने ।

## अनुसूची ७

**विज्ञापन कर :**

नोट : प्रदेश कानुनमा दर रेट तोकीएमा सोही अनुसार हुने गरि लागु हुने ।

## अनुसूची ८

**मनोरन्जन कर :**

नोट : प्रदेश कानुनमा दर रेट तोकीएमा सोही अनुसार हुने गरि लागु हुने ।

## अनुसूची ९

**बहाल विटोरी कर :**

हाट बजारमा मात्र

क. ममफली, तरकारी, पाउरोटी, चिया, हजाम, पान पसल आदि ब्यापार गर्नेसंग बाार्षिक रु. ३००।-

ख. अन्य सवै ठूला पसलहरुको वार्षिक रु. ५००।-

## अनुसूची १०

**सेवा शुल्क, दस्तुर :**

| क.सं. | विवरण | आ.व. २०७५।०७६ को कर तथा दस्तुर दर | कैफियत |
|---|---|---|---|
| १ | जग्गा नाम सारी सिफारिस | | |
| क | १० कठासम्म | रु. २००। | |
| ख | प्रत्येक थप ५ कठामा | थप रु. ५०। | |
| २ | ऐलानी पर्ति जग्गा (भोग चलन भैरहेको) | | |
| क | १० कठासम्म | रु.५००। | |
| ख | १० कठा भन्दा माथि प्रति कठा थप | रु. ५०। | |
| ३ | नागरिकता सिफारिस | रु. १००। | |

| | | | |
|---|---|---|---|
| ४ | नाता प्रमाणित | रु. ३००। | |
| ५ | ब्यक्तिगत घटना दर्ता विलम्व शुल्क | रु. ५०। | |
| ६ | ब्यक्तिगत घटना कन्सुलर प्रमाणित | रु. ५००। | |
| ७ | ब्यक्तिगत घटना संशोधन दस्तुर | रु. १०००। | |
| ८ | साधारण सिफारिस | रु. १००। | |
| ९ | सर्जिमन | रु. ३००। | |
| १० | ब्यापार ब्यवसाय दर्ता,नविकरण,सिफारिस, ठाउँ सारी तथा अन्य | रु. ५००। | |
| ११ | संस्था दर्ता शुल्क | रु. १५००। | |
| १२ | संस्था नवीकरण शुल्क | रु. १०००। | |
| १३ | कृषि तथा पशु फार्म दर्ता र नविकरण | रु.५००। | |
| १३ | कृषि, पशुजन्य फर्म सिफारिस | रु. २००। | |
| १४ | अन्य फर्म सिफारिस | रु. ५००। | |
| १५ | आम्दानी स्रोत प्रमाणित रु. ५ लाखसम्म | रु. ५००। | |
| १६ | आम्दानी स्रोत प्रमाणित रु. ५ लाख भन्दा माथि प्रति लाख | रु. ५० | |
| १७ | घर नक्सा प्रमाणीकरण दस्तुर भुई तल्ला प्रति बर्गफुट | रु. ३। | |
| १८ | घर नक्सा प्रमाणीकरण दस्तुर अन्य तल्ला प्रति बर्गफुट | रु. २। | |
| १९ | रुख कटान सिफरिस प्रति रुख | रु.१००। | |
| २० | एकीकृत सम्पत्ति कर दर्ता शुल्क एक पटक मात्र | रु.५०। | |
| २१ | घर बाटो तथा चार किल्ला सिफारिस –तीन कित्ता सम्म | रु.१०० | |
| २२ | घर बाटो तथा चार किल्ला सिफारिस –तीन कित्ता माथि थप प्रति कित्ता | थप रु.२५ | |

## अनुसूची ११

**पर्यटन शुल्क :**

नोट : प्रदेश कानुनमा दर रेट तोकीएमा सोही अनुसार हुने गरि लागु हुने ।

- प्रदेश कानून तथा अन्य कानूनमा व्यवस्था भएकोमा सोही अनुसार कर,दस्तुर र शूल्क लगाईनेछ ।